बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश नेपाल
२०७३

ऐन ४
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७५।३।२६

# बागमती नगरपालिकाको विनियोजन ऐन,२०७५

## बागमती नगरपालिका, सर्लाहीको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५।३।२५

**प्रस्तावनाः** बागमती नगरपालिका, सर्लाहीको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम बागमती नगरपालिका, सर्लाहीको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " बागमती नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) " नगर प्रमुख " भन्नाले बागमती नगरपालिकाको नगरप्रमुख सम्भनु पर्दछ ।

(४) " नगर कार्यपालिका " भन्नाले बागमती नगरपालिकाको नगरकार्यपालिका सम्भनु पर्दछ ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७५५०००००।०० (अक्षेरुपी पचहत्तर करोड पचास लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बागमती नगरपालिका, सर्लाहीको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**४. खर्च ब्यहोर्ने स्रोत सम्बन्धमा** : यस कुनै आम्दानीको स्रोतबाट खर्च ब्यहोर्ने गरि अनुमान गरिएको मा सो स्रोतमा रकम अभाव भई अर्को कुनै श्रोतबाट खर्च ब्यहोर्नु परेमा अर्को आम्दानीको श्रोतबाट खर्च ब्यहोर्न कुनै बाधा पर्ने छैन् ।

**५) विविध शिर्षकमा विनियोजित बजेट सम्बन्धमा** : विविध शिर्षकमा विनियोजित बजेट आवश्यकता र औचित्यको आधारमा विभिन्न आयोजना वा कार्यक्रममा विभाजित गर्ने अधिकार नगर प्रमुखलाई रहने छ ।

**६) अनुदान, चन्दा वा पुरस्कार प्रदान गर्ने** : आवश्यकता र औचित्यको आधारमा सम्बन्धित बजेटको परिधि भित्र रही कुनै ब्यक्ति वा संस्थालाई अनुदान, चन्दा वा पुरस्कार प्रदान गर्ने अधिकार नगर प्रमुखमा रहने छ ।

**७) एकमुष्ट रकमको विभाजन गर्ने अधिकार** : चालु वा पुजिगतमा कुनै आयोजना वा कार्यक्रमको लागि एक मुष्ट रुपमा विनियोजित रकम सम्बन्धित कुनै विविध आयोजनाहरु र विभिन्न कार्यक्रमहरुमा विभाजन गर्ने अधिकार नगरप्रमुखमा रहने छ ।

**८) आयोजना वा कार्यक्रम संसोधन वा गाभ्ने अधिकार** : कुनै कार्यक्रमहरु वा आयोजनाहरु संसोधन गर्ने , एक भन्दा बढी आयोजनाहरु गाभ्ने लगाएत, नयां कार्यक्रम थपघट गर्ने अधिकार नगर प्रमुख वा नगरकार्यपालिकामा रहने छ ।

**९) खर्च गर्न बाधा नपर्ने** : नेपाल सरकार वा प्रदेश सरकार वा अन्य स्थानीय तह वा जिल्ला समन्वय समिति वा कुनै ब्यक्ति वा कुनै संस्थाबाट शसर्त रुपमा प्राप्त रकम नगरसभाबाट पारित कार्यक्रम वा आयोजना भित्र नपरेता पनि सो रकम खर्च गर्न कुनै बाधा पर्ने छैन् ।

**१०) फिज नहुने रकम सम्बन्धमा** : अन्तर सरकार वा अन्य कुनै निकायबाट प्राप्त फिज नहुने रकम कुनै आयोजना वा कर्यक्रमको लागि सशर्त रुपमा प्राप्त भएमा सो आयोजना बहुवर्षेरुपमा सञ्चालन हुने भएमा सो आयोजना वा कार्यक्रमको नगरसभाबाट पारित अन्य आयोजना वा कार्यक्रममा खर्च गर्न सकिने छ । उल्लेखित आयोजना वा कार्यक्रमहरु आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी कुनै पनि स्रोतबाट भुक्तानी गर्न वाधापर्ने छैन् ।

**११) संघिय खरिद कानून बमोजिम खरिद ब्यवस्थापन गर्न सकिने** : नगरपालिकाको सर्वजनिक खरिद नियमावली नबन्दा सम्म संघिय सार्वजनिक खरिद कानून बमोजिम सार्वजनिक खरिद ब्यवस्थापन गर्न सकिने छ ।

**१२) कार्यविधि , निर्देशिका, मापदण्ड वनाई खर्च गर्न सकिने** : नगरसभाबाट विनियोजित बजेट कुनै कार्यक्रम वा आयोजनामा खर्च गर्न नगरकार्यपालिका वा नगरसभाले आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड पारित गर्न सक्नेछ ।